हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२९२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : १०७ पृष्ठ : ४ २०७७ कार्तिक २७ गते विहीबार (Thursday 12 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• संरक्षण भएन चराचुरुंगीको बासस्थान •

# ‘खुदी भकारी, रैथाने चराको बासस्थान’

वर्षौंदेखि बासस्थान बनाएका विभिन्न २६ प्रजातीका रैथाने चराचुरूंगीको बासस्थान हो सिरहाको भदैयास्थित धार्मिकस्थल खुदी भकारी ।

करिब ११ कठा जंगल क्षेत्रमा अवस्थित खुदी भकारी मन्दीर क्षेत्रमा दुई दर्जन भन्दा बढी सय वर्ष अघिको अग्ला सीमल रूख र केही मात्रामा जामुन अन्य प्रजातीका वनस्पति छन् । त्यही रूखमा वर्षौदेखि रैथाने गरूड, डोकर लगायतका २६ प्रजातीका चराचुरूंगीले बासस्थान बनाउँदै आएका छन् । चराचुरूंगीको बासस्थानकै कारण जंगलक्षेत्र चराको चिरबिरले गुन्जाएमान हुने गरेपछि चरा अवलोकन गर्न सर्वसाधारणको आउजाउ भइरहन्थ्यो ।

तर संरक्षण हुन नसक्दा चराचरूंगीले समेत आफ्नो बास परिवर्तन गर्न थालेका छन् । चराचुरूंगी अन्यत्र गएपछि सिरहाको भदैया स्थित धार्मिक स्थल खुदी भकारी मन्दिर क्षेत्रको आकर्षण घटेको छ ।

सो क्षेत्रमा रैथाने डोकर प्रजातीका चराहरू मरेका भेटिन थालेपछि गाउँलेले संरक्षण गर्न असफल भएको हो कि भन्ने प्रश्न उब्जिएको छ । अर्कातिर विभिन्न प्रजातीका चराले बासस्थान बनाएको जंगलक्षेत्रमा चराचुरूंगी पातलिदा धार्मिक वन क्षेत्र उजाड हुँदै गएको हो कि भन्ने अनुमान गरिएको छ ।

ती क्षेत्रमा चराचुरूंगीले बासस्थान परिवर्तन गरेको हुनसक्ने अनुमान गरिएको छ । ती प्रजाती केही जोडी चराचुरूंगीमात्र मन्दिर क्षेत्रमा देखिन्छन । चोरी शिकारीहरूले रातमा आएर चराचुरूंगी मारेर लैजाने गरेपछि बासस्थान परिवर्तन गरी अन्यत्र उडेर गएको स्थानीयले बताए । राति भाला, गुलेली, खुकुरी र स्वचालित हतियारसमेत लिएर चरा मार्न आउने गरेपछि समितिले चराचुरुगींको संरक्षण गर्न नसकेको स्थानीयको भनाइ छ ।

‘राति चोरी सिकारीले चरा मार्न थालेपछि रैथाने प्रजाती चराहरू उडेर अन्यत्रै गए’ एक स्थानीयले भने ‘मन्दिर क्षेत्र परिसरमा रैथाने प्रजातीको चराचुरूंगीको बासस्थान नभएपछि आकर्षण घटेको छ ।’ ‘यस्तो रैथाने प्रजाति चरा लोप हुन नदिन समुदायले संरक्षणमा पहल गरेको पनि हो’ उनले भने ‘मन्दिर व्यवस्थापन समितिले नै चरा संरक्षण अभियान समेत सुरू गरेको थियो, तर चोरी सिकारीका कारण चराचुरूंगीको संरक्षण हुन सकेन ।’

स्थानीयले मन्दिर क्षेत्रको रेखदेख र संरक्षणका लागि समित बनाएको थियो । चराचुरूंगीलाई पानीका लागि तलाउ बनाउने योजना समुदायको रहेपनि आर्थिक अभावका कारण योजना पूरा हुन सकेको थिएन । स्थानीय भन्छन् ‘समितिले चराचुरूंगीलाई असर पर्ने विषालु औषधि अन्नबाली र खेतबारीमा प्रयोग नगर्नका लागि स्थानीयलाई सचेत गराउँदै आएपनि चोरीसिकारी नियन्त्रण गर्न नसक्दा रैथाने चराले बास परिवर्तन गरेको हुनसक्छ ।’

# रुख काटिएपछि चिल हराउन थाले

केही वर्षअगाडीसम्म आकाशमा प्रशस्त मात्रामा उड्ने चिल अहिले देखिन छाडेका छन् । चिलले मरेको सिनोसमेत खाएर वातावरणलाई सन्तुलन कायम गराउन सहयोग पुऱ्याउदै आएका थिए । अहिले अग्ला रूख काटिदै गएपछि चिल देखिनै छाडेका छन् ।

वातावरणीय तथा पर्यावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका चिल लोप हुदै गएपछि वातावरण पनि दूषित हुदै गएको विज्ञहरूको भनाइ छ । सिरहामा लुर्के गिद्ध, सेता जातका चिलजस्ता पंक्षी देखिन्थे । सिमलको रूखमा बकुल्ला पनि बस्ने गर्दथे ।

‘चिललाई सिमल लगायत अग्ला रूखमा देखिन्थ्यो,’ विष्णुपुरकट्टीका लालबहादुर बलम्पाकीले भने, ‘अहिले सिमलका रूख काटिदै गएपछि देखिनै छाडेका छन् ।’ सिरहाका अधिकांश स्थानका निजी आवादी जग्गामा रहेका सिमलका रूख काटिएका छन् । निजी आवादीका

बाँकी ३ पेजमा




# खाद्यवस्तुमा मिसावटले हैरानी

लहान । मिठाई लगायतका आवश्यक खाद्य सामग्री आवश्यक पर्ने तिहार नजिकिएसँगै सिरहाका पसलहरूमा दैनिक उपभोग्य वस्तु खाध पदार्थ तथा कच्चा सामग्रीमा मिसावट गरी बिक्री वितरण गर्ने क्रम बढेको छ । जसका कारण पेट सम्बन्धी लगायत विभिन्न रोगको पीडा भोक्न उपभोक्ताहरू बाध्य छन् ।

लहान बजार क्षेत्रका बिक्रेताहरूले विभिन्न किसीमका मालसमानहरूलाई आकर्षक तथा स्वादिष्ट बनाउन खाद्य पदार्थहरूमा मिसावट गर्ने र सो खाद्य पदार्थ स्वस्थकर नभएको हुनाले उपभोक्ता हैरान भएका छन् । सिरहाका बजारहरूमा यो समयमा व्यापारीहरूले खाद्य पदार्थमा अखाद्य वस्तुको मिश्रण गर्ने, मिति नाघिएको उपभोग्य वस्तुको


फाईल फोटो

बाँकी ३ पेजमा






# सिरहा नगरपालिका प्रमुख नेतृत्वमा सलहेश दरबारको सरसफाई





**दि**पावली र छठको पावन अवसरमा सिरहा नगरपालिका प्रमुख असेश्वर प्रसाद यादबको नेतृत्वमा सलहेश दरबारलाई सरसफाई कार्यात्रम गरिएको छ ।

हिन्दी धर्मालम्बीहरूले दिपावलीमा धन र वैभवको देवी लक्ष्मीलाई भित्रियाउन घर आग्न सरसफाई गर्ने चलन छ । त्यस्तै भगवान सूर्यको पूजा आराधाना गर्न जलासय, पोखरी र नदी पनि सरसफाई छठको लागि गरिन्छ । महान पर्व सरफाईसँग जोडिएकोले सलहेश दरबारलाई पनि जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, ओम शान्ति परिवार लगायत स्थानियहरूका सत्रयतामा मंगलबार सरसफाई कार्यात्रम सम्पन गरिएको छ ।

लक्ष्मी माताको अगामनका लागि गरिने सरसफाई निरन्तर रूपमा सिरहा नगरपालिका वासीले सरसफाई गरे जिवन सुशीसँगै लक्ष्मीको वास सदैव हुने प्रमुख यादबले बताए । सिरहा सरदरमुकाममा ढल निकाष अवरूद्धका कारण फोहरमौला बढी हुन भएकोले स्थानिय वासीहरू आफ्नो घर अगाडीका ढल निकाषलाई पनि सफाई गरि स्वाच्छ नगरपालिका बनाउन कर्तव्यलाई निर्भाह गर्न जरूरी छन । कोभिडका कारण नगरपालिकाको विकास कार्यात्रम प्रभावित भएको कारण ढल निकाष निर्माणलाई निरन्तरता दिन नसकेको हो । तर अब नगरपालिकाका कार्यात्रम कार्यन्वयन सुरू भएकोले सलहेश दरबार लगायत बजार क्षेत्र सफा निरन्तर हुने यादबले बताए ।

सरसफाई कार्यात्रममा जिल्ला अधिकारी प्रदीपराज कडेंल, जिल्ला प्रहरी प्रमुख उमा शंकर पन्जियार लगायत स्थानियवासीहरूका सहभागित रहेको थियो ।

*सिरहाटाईम्सडटकमबाट*


विजया दशमी

तथा

शुभ-दीपावली

एवम्

छठ पर्व

२०७७ को पावन अवसरमा पत्रकार संचारकर्मी, व्यापारी, स्वदेश र विदेशमा बस्नुभएका दाजु भाई दिदी बहिनी, कर्मचारी, विद्यार्थी वर्ग लगायत समस्त शुभचिन्तकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।

लहानपोस्ट् दैनिक परिवार
लहान-१०, ग्रामीण चौक


# जननिर्वाचित सरकार र जनअसन्तुष्टिका स्वरहरू

## पालिका बहस

### बाबुराम अर्याल



**लो**कतन्त्र समकालीन शासन प्रणालीहरु मध्ये निकै लोकप्रिय राज्य प्रणाली हो । आवधिक निर्वाचन, बालिग मताधिकार, बहुदलीय पद्धति, स्वच्छ निर्वाचन, बहुमतको शासन र अल्पमतको सम्मान, राज्य शक्तिको प्रथकीकरण र सन्तुलन यसका केही विशिष्ट गुणहरु हुन् । स्वच्छ र प्रतिस्पर्धात्मक आवधिक निर्वाचनका माध्यमबाट अधिकतम जनमत प्राप्त गर्दै राज्य सत्ताको केन्द्रमा पदार्पण गर्ने स्वचेतनयुक्त संकल्प सहित अगाडि बढ्नुलाई लोकतन्त्रमा निकै स्वाभाविक प्रक्रिया मानिन्छ । आवधिक निर्वाचनमा कुनै राजनीतिक दलले अधिकतम वा सुविधायुक्त बहुमत प्राप्त गरी शासन सञ्चालनको जनअख्तियारी प्राप्त गर्ने प्रक्रियालाई राजकाजको भाषामा राजनीतिक वैधता भन्ने गरिन्छ । राज्य प्रणाली सञ्चालनमा राजनीतिक वैधता सामान्यतः आवधिक हुन्छ ।

प्रत्याह्वान, लोकमत संकलन जस्ता प्रत्यक्ष लोकतन्त्रका अभ्यास कमजोर हुँदै गएको कारण पनि यो आवधिक प्रकृतिको भएको हो । हाल विश्व राजनीतिका शक्तिशाली शासकहरु जस्तो संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प, संयुक्त अधिराज्य बेलायतमा वोरिस जोन्सन, ब्राजिलमा वोल्सोनारो, भारतमा नरेन्द्र मोदी र नेपालमा के.पी ओली सबै राजनीतिक वैधता प्राप्त गरेर नै राज्य शक्तिको बागडोर समाल्ने स्थानमा पुगेका हुन् । जनमतका माध्यमबाट प्राप्त हुने राजनैतिक वा शासकीय वैधता प्राप्त गरेका शक्तिशाली सरकारहरुका विपक्षमा पटक-पटक किन देखा पर्छन् जनअसन्तुष्टिका आवाजहरु भन्ने विवेचना प्रस्तुत लेखमा गर्ने प्रयास गरिएको छ ।

**राजनीतिक वैधता मात्रै लोकतन्त्रको सर्वेपरी पक्ष हो त ?**

राजनैतिक वैधता लोकतान्त्रिक राज्य परिपाटीको एउटा पूर्वसर्त हो । मुलुकको संवैधानिक व्यवस्था र कानुनी परिधि भित्र रही जन साधारणको चाहना, माग एवम् अकांक्षाहरूलाई शिरोपर गर्दै आवधिक निर्वाचन मार्फत अधिकतम जनमत प्राप्त गरी शासन सत्ताको अख्तियारी ग्रहण गर्ने कार्य लोकतन्त्रको सर्वाधिक महत्वपूर्ण पक्ष हो । यो सार्वभौम नागरिकको तर्फबाट कुनै अमुक राजनीतिक दललाई निश्चित अवधिसम्मको लागि राज्य सञ्चालन गर्न अख्तियारी दिने विषय हो । यसले राज्य सञ्चालनको लागि सरकारको गठन गर्ने र शासन व्यवस्थापन गर्ने सार्वभौम आधार प्रदान गर्दछ । जनअभिमतको अभावमा शासन सत्ता कम्तीमा पनि लोकतान्त्रिक ठहरिँदैन । आवधिक जनमतबिनाको शासन या त निरकुंश, एकदलीय वा स्वल्पतन्त्रकोरूपमा विकास हुन्छ । यसो भनिरहँदा, के राजनैतिक वैधता वा जनमत नै उन्नत शासन प्रणालीको पर्याप्त आधार हो त ?, भन्ने पश्न उठ्नु स्वाभाविक हो ? होइन । अवश्य होइन । यदि त्यसो हुँदो हो त, आफैले निर्वाचित गरेको दलको नेतृत्वमा गठन भएका शक्तिशाली सरकारका विरूद्ध नागरिक सडकमा आउने बाध्यता किन पर्थ्यो ।

पछिल्लो कालखण्डमा संयुक्त अधिराज्य बेलायतमा सघन बनेको ब्रेक्जिट विवाद, फ्रान्समा जोडतोडले उठेको एल्लो भेष्ट मुभमेन्ट, अमेरिकामा देखा परेको ब्ल्याक लिभ्स म्याटर्स, भारतमा देखा परेको नागरिकता संसोधन कानुनको विरोध, नेपालमा भएको गुठी विधेयकको विरोध, इनफ इज इनफ र विश्वव्यापिरूपमा देखा परेको कोभिड-१९ रोकथाम र नियन्त्रणमा देखिएका असामञ्जस्यता लगायतका प्रभावशाली परिदृष्यहरू देखा पर्नु वाञ्छनीय हुँदैनथ्यो र त्यस्ता चरित्रका आन्दोलन एंव विरोधका स्वरुपको सान्दर्भिकता रहँदैनथ्यो । यी नै विश्वव्यापी तथ्य र परिघटनाको अध्ययनबाट भन्न सकिन्छ की सही तरिकाले शासन सञ्चालनको लागि नागरिकका तर्फबाट प्रत्यायोजन गरिने आवधिक जनादेश वा राजनैतिक वैधता मात्र लोकतन्त्रको सम्पूर्ण, पर्याप्त र भरपर्दो पक्ष होइन । हुन पनि सक्दैन ।

दिगो शासन र गुणात्मक राज्य व्यवस्थाका लागि राजनीतिक जनमतका अलावा कार्य सम्पादन वैधता पनि उत्तिकै महत्वपूर्ण र वाञ्छनीय हुन्छ । कार्यसम्पादन वैधता धेरै हदसम्म वर्तमानमा चलनचल्तीमा रहेको शब्द 'सर्भिस डेलिभरी'सँग सम्बन्धित छ । राजनीतिक नेतृत्वले आम नागरिकका सामु गरेका प्रतिवद्धता कति यथार्थ छन् ? तिनीहरुको कार्यान्वयनशीलता कस्तो छ ? त्यस्ता नीतिगत व्यवस्थाप्रति जनविश्वासको स्तर कस्तो छ ? राज्यका विभिन्न अङ्गहरूबिचको समन्वय एवं तिनीहरूको कार्य तत्परता र उत्प्रेरणको पक्ष कस्तो छ ? भन्ने जस्ता कुराले सरकारको 'कार्यसम्पादन वैधता' वा 'सर्भिस डेलीभरीको' स्तरलाई इङ्गित गर्दछ । राजकाजमा, कार्यसम्पादन वैधताले सरकारका समग्र व्यवहारप्रतिको जनस्वीकृति र जनसन्तुष्टिलाई जनाउँछ । यसले सरकार र जनताबीचको सघन संवाद र पारस्परिक विश्वासलाई उजागर गर्दछ ।

जन निर्वाचित सरकारको सत्तारोहणमा जनमतको जति भूमिका हुन्छ, सरकारको लोकप्रियता उसले लिएका नीतिगत पक्षको दिगोपना, नागरिकहरूको सरकारप्रतिको विश्वास, लगाव, स्वामित्व र सदासयता आदिले प्रतिबिम्बित गर्दछ । अतः स्वच्छ र प्रतिस्पर्धात्मक निर्वाचनका माध्यमबाट सापेक्ष वा अधिकतम जनमत प्राप्त गरी राज्य सञ्चालकको भूमिका ग्रहण गर्नु मात्रै लोकतान्त्रिक प्रणालीको परिचायक होइन । सही हिसाबले जनअकांक्षाको पहिचान गर्ने, त्यस्ता जनअकांक्षालाई मिहिन तरिकाले नीतिगत स्वरूपमा रूपान्तरण गर्ने र कुशल कार्यान्वयनका लागि संस्थागत क्षमता र कार्यतत्परताको विकास गर्न सके मात्रै राजनीतिक वैधताको जगमा उभिएको शासन सत्ता कार्य सम्पादनका हिसाबले अब्बल बन्न सक्छ । 'सर्भिस डेलिभरी' का हिसाबले चुस्त, जन केन्द्रित र लक्ष्य उन्मुख बन्न पुग्छ । त्यति मात्रै होइन, राजनीतिक जनमत र कार्यसम्पादन स्तरबीच उचित सन्तुलन मिलाउन सक्ने सरकार मुलुकको सामाजिक-आर्थिक रुपान्तरको अनुकरणीय साधन बन्न सक्छ । ऐन मौकामा देखा पर्ने कोभिड-१९ जस्ता महाव्याधि र बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको रोकथाम, नियन्त्रण र न्यूनीकरणको सर्वाधिक महत्वपूर्ण माध्यम बन्न सक्छ । विश्व राजनीतिमा ऐतिहासिक नेतृत्वकर्ताको परिचय स्थापित गरेका उदाहरणीय पात्रहरु शासकीय वैधता र उच्च कार्यसम्पादनको तादात्म्यताबाटै त्यो स्थानमा पुगेका हुन् ।

**हाम्रो सन्दर्भ**

आर्थिक एवं सामाजिक-साँस्कृतक रुपान्तरणका माध्यमबाट समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना हाम्रो संविधानले गरेको छ । यही संवैधानिक दायित्व पूरा गर्ने अभिभारा बोकेको अत्यन्तै सुविधायुक्त बहुमत सहितको सरकार हामीले पाएका छौँ । सरकार गठनका प्रारम्भिक दिनहरूमा सरकारले अगाडि सारेका महत्वाकांक्षी योजना र जनजीविकाका कार्यत्रmमप्रति आम सर्वसाधारणको निकै ठुलो उत्साह थियो । सरकाले अगाडि सारेका जनजीविकाका सवाल मात्रै होइन, महत्वाकांक्षी परियोजनामा समेत जनताले साथ दिएका थिए । विश्वास गरेका थिए । 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय अभियानले नागरिकहरुमा आशाको सञ्चार गरेको थियो । राजनीतिक वैधताको हिसाबले शक्तिशाली सरकारको डेलिभरी पनि प्रभावकारी हुन्छ भन्ने आम विश्वास हुनु स्वाभाविक पनि हो । तर, परिणाममा, सरकारप्रतिको जनविश्वासको सापेक्षतामा राज्यबाट हुने डेलिभरी अपेक्षित नभएको आम गुनासो सर्वत्र पाइन्छ । सरकारले सबै राम्रो गरेको छ । आलोचना गर्ने वा विरोध गर्नेहरूको सोच, विचार वा दृष्टिमा दोष छ, भनेर प्रतिरक्षाको प्रयास गरिए पनि सरकारका तमाम कमजोरीलाई छोप्न गाह्रो पर्छ ।

सरकारले आफ्ना कमजोरी पत्ता लगाउन जन साधारणको तहबाट आफ्ना

बाँकी ४ पेजमा

## आजको राशिफल

**मेष** :- आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**वृष** :- आज लगनशीलताले कामहरु अगाडी बढ्नेछन । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । प्रेमीको सहयोग पाईनेछ । वैदेशिक कार्यपनि अघि बढ्ला ।

**मिथुन**:- आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । पारिवारिक जीवन सन्तोष प्रदायक नै रहनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । साथीसँग भेट हुने सम्भावना छ ।

**कर्कट** :- अतिथिको रूपमा सत्कार पाइएला । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । रमणीय र सुखद् यात्राको योग छ । दाम्पत्य जीवन सुखमय नै हुनेछ ।

**सिंह**:- मनमा शान्तिको अनुभूति हुनेछ । पुरानो र बिर्सिसकेको आँटेको र ताकेको कार्य पुरा होला । रमाइलो यात्रापनि हुनेछ ।

**कन्या** :- आज सहयोग गर्ने भन्दा आश्वासन बाढ्नेहरु धेरै भेटिनेछन् । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**तुला**:- जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । दैनिक व्यवहारमा खर्च बढ्न सक्छ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।

**वृश्चिक** :- हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । रमणीय र सुखद् यात्राको योग छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।

**धनु** :-धार्मिक यात्राको योगछ । आफन्तहरूको सहयोगले कामहरु अगाडी बढ्नेछन् । बौद्धिक कार्यमा सफलता मिल्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मकर** :- आज नयाँ नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । अनाबस्यक झुटा आरोप लाग्ने हुँदा सजक रहनुहोला ।

**मिन** :- आज धार्मिक कार्यमा रूचि बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । पारिवारिक जीवन र प्रणय सम्बन्धमा पनि सकारात्मक नै देखिन्छ ।

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive

धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७।०७।२७)**

प्रस्तुत विषयमा यस धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पद पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उमेदवारहरुबाट दरखास्त आवहान गरिएको छ।

तपसलिः

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०७७/०७८ | उद्यम विकाश सहजकर्ता | २ | रु. २०० | |

आवश्यक न्यूनत्तम योग्यता र अनुभवः

१. **शैक्षिक योग्यताः**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।

२. **कार्य अनुभवः**

लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने।

३. **दरखास्त दिने स्थानः** धनगढीमाई नगरपालिकाको कार्यालय, धनगढी, सिरहा।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/१० गते सम्म कार्यालय समय भित्र।

५. **दरखास्त फाराम पाईने स्थानः** धनगढीमाई नगरपालिकाको वेबसाईड वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने।

६. **छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन, लिखित परिक्षा र / वा अन्तरवार्ता।

७. **आवेदन तथा संलग्न कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरुः

क) नागरिकताको प्रमाणित प्रतिलिपि।
ख) न्यूनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
ग) चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि।
घ) अनुभव खुल्ने कागजात।
ङ) २ प्रति पासपोर्ट साईजको फोटो।

८. **सेवा सुविधाः** नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**नोटः** यस पदको लागि आवेदन ईमेल मार्फत पनि दिन सकिने छ र यसका लागि आवेदन र आवश्यक सबै कागजातहरु यस कार्यालयको इमेल ठेगाना ito.dhangadhimaimun@gmail.com मार्फत पठाउन र आवेदन दस्तुर वापतको रकम यस कार्यालयको बैंक NCC Bank Ltd., धनगढी शाखा, खाता नं. १४२०००००४०८०१ मा जम्मा गरी भौचर समेत ईमेलमा पठाई आवेदन दिनु हुन व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ।

विस्तृत जानकारीको लागि सम्पर्क नं. ०३३-५४५२७१

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

*"समृद्ध धनगढीमाई नगरपालिका हाम्रो शान, पूर्ण सरसफाईयुक्त नगरपालिका हाम्रो अभियान"*

# डोम समुदायका लागि पक्की घर निर्माण गरिने

**सिरहा ।** सिरहाको कर्जन्हा नगरपालिका-११ बगहाका ३७ घरपरिवार डोम समुदायलाई आवासका लागि पक्की घर निर्माण गरिने भएको छ ।

सिरहा क्षेत्र नम्बर ४ 'क'का प्रदेश सांसद दिलिप साहले जनता आवास कार्यक्रम अन्तर्गत ३७ घरपरिवार डोम समुदायलाई पक्की घर निमार्ण गरिने बताए । पक्की घर निर्माणको शिलान्यास गर्दै उनले प्रतिघर ३ लाख ५० हजार रूपैयाँ लागतमा निर्माण सुरू गर्न लागिएको बताए ।

अति आर्थिक विपन्नताको बीच जिवनयापन गरिरहेको डोम समुदायको घर निमार्णले उनीहरूको जीवन स्तरमा सुधार ल्याउन सघाउ पुग्ने सांसद साहले विश्वास व्यक्त गरेका छन् ।

## रुख...

सिमलका रूख काटिदै गएपछि चिल बस्ने बासस्थान पनि हटदै गएको छ । मुख्य बासस्थानका रूपमा रहेको सिमल कटानीमा अनुमति दिइएपछि सिमल रूख मासिएको वातावरणविदहरूको भनाइ छ ।

## खाद्यवस्तुमा...

बिक्री वितरण गर्ने, मिठाई तथा स्वादिष्ट भोजनमा कपडामा लगाउने रङ्ग प्रयोग गर्ने, चामलको तौल बढाउन माटाका कनिकाहरूको मिश्रण गर्ने गरेको उपभोक्ताहरूको गुनासो छ । मिसावट युक्त खाद्यपदार्थ सेवनबाट पेटको विभिन्न रोग उब्जन सक्ने स्वास्थ्यकर्मीहरूले बताएका छन् । मिसावट युक्त रंगीन सामग्रीबाट बढी मात्रा तयारी खाजा मनपराउने बालबालिकाको स्वास्थ्यमा असर परेको छ ।

मिसावटयुक्त खाध पदार्थले चाँडो प्रतिक्रिया देखाउने भएकोले सम्बन्धित निकायले त्यस्ता क्रियाकलापको शीघ्र नियन्त्रण गर्नुपर्ने माग उपभोक्ताहरूको छ ।

उपभोक्ताहरूका अनुसार बजार, होटल हरेक स्थानमा मिसावट नगरिएको सामान नै पाईन्दैन । अझ त्यसमा पनि म्याद सकिएको सामग्री पसलेले बिक्री गरिराखेका हुन्छन् । पसलेहरूले कम लागतमा मिसावटयुक्त पदार्थको प्रयोग गरी बढी मुनाफा आर्जन गर्न खोज्दा उपभोक्ताको स्वास्थ्यमा खेलवाड गरेका हुन । खाधपदार्थमा मिसावटयुक्त सामान बिक्री वितरण गरिरहदा पनि सम्बन्धित निकाय मौन बसेको छ । नियमित बजार अनुगमन हुन नसक्दा बिक्रेताको मनोबल बढेको र आफूहरूले हैरानी खेप्नु परेको उपभोक्ताहरूको गुनासो छ । जानी जानी मिसावट युक्त खाधपदार्थ सेवन गर्न वाध्य भएपनि सम्बन्धीत निकायको लाचारीपनले बिक्रेताहरूको मनोबल बढेको उनीहरूको आरोप छ ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।**

| | |
|---|---|
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# जन्मजात हृदयरोग के हो ?

जन्मजात हृदयरोगको समस्यालाई मेडिकलको भाषामा कन्जेनिटल हार्ट डिफेक्ट्स भन्ने गरिन्छ । हृदयमा यसरी लाग्ने चोटले मुटुभित्र रगतको सामान्य बहाव बदलिन पुग्छ ।

मुटुमा छेद हुने समस्याको कैयौं प्रकार हुन्छ । जसमा सरलदेखि लिएर धेरै जटिल समस्या समेत हुने गर्छ । मुटुको चोटलाई समाधानका लागि चिकित्सकहरु केही विशेष किसिमको टेस्ट गर्ने गर्छन् ।

नवजात शिशुमा समेत मुटुको गम्भीर दुखाइको समस्या हुँदा छिटोछिटो सास फेर्ने, थकान, खराब रक्त परिसञ्चरण र ओठ, नङ र छालामा निलो रंगको निशान बन्ने लक्षण आदि देखिन्छ ।

**के हो मुटुमा हुने जन्मजात समस्याको लक्षण ?**

जन्मजात हृदयसम्बन्धी कतिपय समस्याको लक्षण वा संकेत देखिँदैन, केहीको भने लक्षण पूरा देख्न सकिन्छ । यो दोषको संख्या, प्रकार र गम्भीरतामा निर्भर हुने गर्छ । आमरूपमा नवजात शिशुहरूमा केही गम्भीर किसिमको दोष देखिन्छ जसमा निम्न लक्षण देख्न सकिन्छ ।

-तेज रूपमा सास लिनु
-थकान
-खराब रक्तसञ्चरण
-हृदयसम्बन्धी दोष पैदा गर्न सक्छ ।

चिकित्सकहरु स्टेथोस्कोपको प्रयोग गरेर हृदयको गतिविधिलाई निरीक्षण गर्न सक्छन् । तर सबै किसिमका हृदयसम्बन्धी समस्या स्टेथोस्कोपबाट पत्ता लगाउन सकिन्न ।

-हृदयमा हुने समस्याबाट ग्रसित नवजात शिशु दूध चुस्ने समयमा समेत सजिलै थाक्ने गर्छन् ।
-बच्चाको तौल बढ्दैन । बच्चाको शारीरिक विकासमा समेत समस्या सिर्जना हुन्छ ।
-यस्ता बच्चाहरु अरु शारीरिक गतिविधिको क्रममा पनि छिटै थाक्ने गर्छन् ।

**जन्मजात हृदय रोगको कारण र जोखिम**

जन्मजात हृदयसम्बन्धी दोष हुने कारण गर्भावस्थाको पहिले सप्ताहको समयमा भ्रूणको अधुरो या असामान्य विकास हुनु हो । जसमा निम्न दोष सामेल हुन सक्छ ।

-हृदयको आन्तरिक भित्ता
-हृदय भित्रको भल्व
-हृदय या शरीरमा रगतले लैजाने धमनी तथा नसा

ज्यादातर जन्मजात हृदयसम्बन्धी दोषको मुख्य कारण अज्ञात हुन्छ । तर जन्मजात हृदयसम्बन्धी दोष विकसित हुन केही कारण हुने गर्छ जुन निम्नानुसार छन् ।

१ अनुवांशिक कारण

वंशगतता – भाइ बहिनी या हृदय सम्बन्धी दोषवाला मान्छेको वंशमा हृदय सम्बन्धी समस्याहरु आम मानिसको तुलनामा धेरै हुने गर्छ ।

उत्परिवर्तन – अन्य कैयौं प्रकारको उत्परिवर्तन हुन्छ । जो मुटुको बनावटलाई प्रभावित गर्ने खालको हुन्छ र जन्मजात हृदयसम्बन्धी दोष पैदा गर्ने खालको हुन्छ ।

अन्य जन्मजात दोषसँग जोडिएको हुनु – डाउन सिन्ड्रोमबाट पैदा भएको एक तिहाइभन्दा धेरै शिशु हृदयसम्बन्धी दोषका साथ पैदा हुने गर्छ । टर्नर सिन्ड्रोमबाट ग्रसित लगभग २५ प्रतिशतमा हृदयसम्बन्धी दोष हुने गर्छ ।

२ पर्यावरणीय कारक

भाइरल संक्रमण – महिलाहरूको गर्भावस्थाको पहिलो ३ महिनामा रुबेलासँग सम्पर्क भयो भने त्यस्तो आमाबाट जन्मिने बच्चामा हृदयसम्बन्धी समस्याको सम्भावना बढ्छ ।

औषधिहरु – केही प्रकारको औषधि समेत हुन्छ, जसले यसको जोखिमलाई बढाइदिने गर्छ । बाइपोलर डिसअर्डर जस्ता समस्या समाधान गर्ने औषधिहरु यसमा समावेश हुने गर्छन् ।

मदिरा – गर्भावस्थाको समयमा मदिराको सेवन गर्नुले पनि हृदयसम्बन्धी समस्यालाई बढाउने गर्छ ।

धुम्रपान – गर्भावस्थामा आमाले धुम्रपान गरिन् भने



त्यसरी जन्मिने शिशुहरूमा जन्मजात हृदयसम्बन्धी रोगको सम्भावना बढी हुन्छ ।

कोकिन – गर्भावस्थाको समयमा कोकिनको प्रयोग गर्नुले पनि उनीहरूबाट जन्मिने बच्चामा हृदयसम्बन्धी दोषको जोखिम बढाउने गर्छ ।

जन्मजात हुने हृदयसम्बन्धी समस्याबाट कसरी बच्ने ?

माथि उल्लेखित कारणबाट जोगिनु नै जन्मजात हुने हृदयरोग सम्बन्धी समस्या समाधानको मुख्य उपाय हो । जसको लागि निम्न उपाय अपनाउन सकिन्छ ।

-गर्भवती हुनु पहिले नै आफूले खाइरहेको औषधिको बारेमा चिकित्सकसँग परामर्श लिनुपर्छ । सोही अनुसार औषधि खाने या छाड्ने गर्नु आवश्यक हुन्छ ।

-यदि तपाईंलाई मधुमेहको समस्या छ भने गर्भवती हुँदाको समयभरि मधुमेहलाई नियन्त्रणमा राख्न चिकित्सकहरु सुझाव दिन्छन् ।

त्यस्तै, गर्भावस्थामा मदिरा एवं धुम्रपानको सेवन गर्न पनि नहुने चिकित्सकहरुको सुझाव छ । *अनलाइनखबर डटकमबाट*

# जाडोमा प्याजको पात खानुको फाइदा

क्रमस जाडो बढ्दैछ । जाडोसँग कसरी जुध्ने ? न्यानो कपडा, आगो वा हिटर मात्र काफी छैन । कतिपय खानपानको माध्यामबाट पनि चिसो भगाउन सकिन्छ ।

चिसोबाट जोगिनको लागि खाइने खाद्यपदार्थहरूमा तातो सुप र झोलयुक्त तरकारीहरू हाम्रो रोजाइमा पर्छन् । तातो सुपहरूको सेवन गरेर हामीले आफ्नो शरीरलाई न्यानो राख्छौं ।

अझै जाडो महिनामा सुप, तरकारी वा मासुमा प्याजको हरियो पत्ता मिसाउँदा त झनै गज्जब हुन्छ । तरकारी, सुप, मासु लगायतका खानेकुरामा प्याजको पत्ता राखेर बनाउँदा यसले खानेकुराको स्वाद तिख्खर मात्रै बनाउँदैन यसमा भरपुर मात्रामा पाइने पौष्टिक तत्वले हाम्रो शरीरलाई फाइदा पनि गर्छ ।

यसमा क्यालोरी कम हुन्छ र सल्फरको मात्रा धेरै हुन्छ जुन स्वास्थ्यको लागि धेरै लाभदायक छ । यसमा पाइने पेक्टिन नामक पदार्थ क्यान्सर जस्ता भयानक रोगबाट बचाउन उपोगी हुन्छ ।

हरियो प्याजको प्रयोग चीनमा प्राचिन समयमा औषधिहरूमा गरिँदै आएको पाइन्छ । यसमा भिटामिन ए, भिटामिन सी, भिटामिन बी २, कपर, म्याग्नेसियम, पोटासियम, म्याग्निज आदी भरपुर मात्रामा हुन्छ ।



**आँखा स्वास्थ्य**

प्याजको पत्ताको सेवन आँखाको लागि धेरै लाभदायक छ । यसले आँखाको ज्योती बढाउन सहयोग गर्छ ।

**स्वस्थ मुटु**

एन्टी अक्सिडेन्टले भरपुर हरियो प्याजको पत्ताले डिएनएमा क्षति हुनबाट बचाउँछ । यस बाहेक यसमा पाइने भिटामिन सीले रक्तचाप नियन्त्रण गर्ने काम गर्छ । यसले कोलेस्टेरोल नियन्त्रण गरेर मुटुको रोगबाट बचाउँछ ।

**मधुमेह नियन्त्रण**

जुन मानिसलाई मधुमेहको रोग छ उनीहरूको लागि प्याजको पत्ता सेवन गर्नु धेरै फाइदाजनक हुन्छ । यसमा पर्याप्त मात्रामा सल्फर हुन्छ जसले इन्सुलिनको स्तरलाई सन्तुलित बनाइराख्छ ।

**क्यान्सरको रोकथाम**

प्याजको पत्ताले शरीरमा क्यान्सर सेल बढ्नबाट रोक्छ । यसको सेवन गर्नाले तपाईंलाई क्यान्सर हुने खतरा कम हुन्छ ।

**हड्डी बनाउँछ मजबुत**

भिटामिन सी र के जस्ता तत्वले भरपुर प्याजको पत्ताले हड्डीहरूको क्रियाशिलतालाई बढाइराख्ने काम पनि गर्छ । यसले हड्डीहरु मजबुत बनिरहन्छ ।

*अनलाइनखबरडटकमबाट*

## जननिर्वाचित...

कामको मूल्यांकन गर्न सक्नु पर्छ । आफ्ना कार्य र व्यवहारको क्रस चेकिङ गर्ने संयन्त्र बनाउन सक्नु पर्छ । नागरिकहरुसँग विभिन्न माध्यमले सघन संवाद गर्न सक्नु पर्छ । उनीहरूका सवाल एवम् गुनासालाई समयै सम्बोधन गर्ने सामर्थ्य राख्नु पर्छ । यसका लागि सरकारका अङ्गहरूबिचको शक्ति विभाजन र सन्तुलन, संवैधानिक निकायहरूको सबलीकरण र स्वायत्तता, सेवा प्रवाहका संयन्त्रहरूको सशक्तीकरण र कार्यतत्परता विकास जस्ता पक्षमा ध्यान दिनु जरूरी छ । यी सबैका लागि सरकारका तीनै तहहरु संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सह-अस्तित्व र समन्वयमा आधारित सम्बन्धको विकासलाई केन्द्रमा राख्नु जरूरी छ ।

लोकतान्त्रिक राज्य प्रणालीमा सरकारको प्रभाकारिता कार्यकुशलता, जिम्मेवारीपन, संवदेनशीलता जस्ता कुराहरूबाट देखिनु पर्दछ । यसले कानुनको शासन, भ्रष्टाचारको न्यूनीकरण र सुशासनको माध्यमबाट जनसन्तुष्टि प्राप्त गर्न सक्नु पर्छ । जन साधारणले सरकारलाई उसको नारा र वाकपटुतामा होइन, आफ्नै सहर र गाउँका दैनिक जीविकाका सवालमा अनुभूत गर्न पाउनु पर्छ । नागरिकहरु र सरकारबीच विश्वासको सम्बन्ध बलियो भएमा मात्र प्राकृतिक प्रकोप, विश्वव्यापी महाव्याधि जस्ता संकटमा सरकारले नागरिकबाट र नागरिकले सरकारबाट साथ र सहयोग पाउने वातावरण बन्दछ । त्यसो हुन सके मात्रै राजनीतिक वैधताको जगमा अडिएको सरकारको 'डेलिभरी' संयन्त्रले जनसमर्थन प्राप्त गर्दछ र साँच्चिकै त्यस्तो सरकार राजनीतिक इतिहासमा अनुकरणीय सरकारको रूपमा रहिरहन सक्छ । *प्रशासन अनलाइनबाट*

गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)